# प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७८ साल भदौ २५ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को उन्नाइसौं बैठकले गरेको निर्णय–**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | माननीय मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकारमा श्री माधव प्रसाद अर्याल, उत्तरगया-४, रसुवालाई नियुक्त गर्ने। |
| २. | सामाजिक विकास मन्त्रालय | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालयको सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

## प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७८ साल भदौ २४ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को अठारौं बैठकले गरेको निर्णय—**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकारको प्रवक्तामा भौतिक पूर्वाधार विकास मन्त्री माननीय केशवराज पाण्डेलाई तोक्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | डा. जगत बहादुर बस्नेत, मेलाम्ची -६, सिन्धुपाल्चोकलाई आयोगको उपाध्यक्ष र ज्ञान कुमार श्रेष्ठ,भीरपानी-६, रामेछाप, निलम ताम्राकार,काठमाडौं-४, बालुवाटार, रामशरण प्याकुरेल, बिदुर-१०, नुवाकोटलाई आयोगको सदस्य पदमा नियुक्त गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७८ साल भदौ २३ गते बसेको प्रदेश मन्त्रिपरिषद्को सत्रौं बैठकले गरेको निर्णय—**

| | |
|---|---|
| १. | बागमती प्रदेश सरकारका मन्त्री तथा पदाधिकारीहरूको आचार संहिता, २०७८ स्वीकृत गर्ने। |

**सम्वत् २०७८ साल भदौ २३ गते बसेको प्रदेश मन्त्रिपरिषद्को सोह्रौं बैठकले गरेको निर्णय–**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचीमा हेरफेर स्वीकृत गर्ने। |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्ने स्वीकृति दिने। |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्ने स्वीकृति दिने। |
| ४. | भौतिक पूर्वाधार विकास मन्त्रालय | सिन्धुलीमाडी- भुमेस्थान- चकमके- उदयपुर- कटारी सडक आयोजनालाई बागमती प्रदेशको प्राथमिकता प्राप्त आयोजना तोकी राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको रूपमा समावेश गर्न संघीय सरकारलाई सिफारिस गर्ने। |

**सम्वत् २०७८ साल भदौ ११ गते बसेको प्रदेश मन्त्रिपरिषद्को पन्ध्रौं बैठकले गरेको निर्णय—**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभाको आठौं अधिवेशन मिति २०७८ भदौ ११ गते शुक्रवार राती १२:०० बजे देखि अन्त्य गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |

**सम्वत् २०७८ साल भदौ २ गते बसेको प्रदेश मन्त्रिपरिषद्को चौधौं बैठकले गरेको निर्णय—**

| | |
|---|---|
| १. | प्रदेशका सबै बासिन्दालाई खोपको सहज पहुँचको सुनिश्चितता गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालयले अन्तर-निकाय-समन्वय गरी खोप वितरणलाई प्रभावकारी बनाउने। |

## प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७८ साल भदौ २ गते बसेको प्रदेश मन्त्रिपरिषद्को तेह्रौं बैठकले गरेको निर्णय–**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय | गाईजात्रा पर्वको उपलक्ष्यमा सम्बत् २०७८ साल भाद्र ७ गते सोमवारका दिन बागमती प्रदेशभर सार्वजनिक बिदा घोषणा गर्ने। |
| २. | श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय | सञ्चार रजिष्ट्रारको कार्यालयको अस्थायी सङ्गठन संरचना एवम् दरबन्दी २०७९ असार मसान्त सम्म स्वीकृत गर्ने। |
| ३. | श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | मन्त्रालय र मातहतका निकायहरूको लागि जम्मा १४१ जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने र साबिक घरेलु तथा साना उद्योग विकास समिति तर्फका अस्थायी कर्मचारीको म्याद २०७९ असार मसान्तसम्म थप गर्ने। |
| ४. | श्री भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८ स्वीकृत गर्ने। |
| ५. | श्री सामाजिक विकास मन्त्रालय | युवा वैज्ञानिक प्रोत्साहन कोषको लागि ३ जनाको अस्थायी दरबन्दी २०७९ असार मसान्तसम्म स्वीकृत गर्ने। |
| ६. | श्री सामाजिक विकास मन्त्रालय | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, मकवानपुर र धादिङको लागि ४० जनाको अस्थायी दरबन्दी २०७९ असार मसान्तसम्म स्वीकृति प्रदान गर्ने। |
| ७. | श्री सामाजिक विकास मन्त्रालय | सार्वजनिक निर्माण कार्यान्वयन इकाईहरूको समयावधि २०७९ असार मसान्त सम्म थप गर्ने र ३६ जनाको अस्थायी दरबन्दी २०७९ असार मसान्तसम्म स्वीकृत गर्ने। |
| ८. | श्री सामाजिक विकास मन्त्रालय | मन्त्रालय र मातहतका स्वास्थ्य संस्थाका लागि ६५ जनाको अस्थायी दरबन्दी २०७९ असार मसान्तसम्म स्वीकृत गर्ने। |
| ९. | बागमती प्रदेश सरकारको मिति २०७४/१०/२९ गते स्थापना पश्चात् आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७७/०७८ सम्म प्रदेश सरकारबाट भए गरेका प्रगतिहरू समेटेर पुस्तक प्रकाशन गर्ने। | |
| १० | प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७५/०१/०८ गते बसेको बैठकले “बागमती प्रदेश सरकार स्थापनाको सुरुवाती चरणसँगै यस प्रदेशका मन्त्रालय, कार्यालय लगायतको भौतिक व्यवस्थापन, कानून निर्माण साथै यस प्रदेशको समग्र विकास निर्माणमा हार्दिकतापूर्वक सहयोग पुऱ्याउनु हुने मन्त्रिपरिषद्का सदस्यहरू, प्रमुख सचिवहरू, सबै मन्त्रालयका सचिवहरू लगायत प्रदेश सरकारका सम्पूर्ण कर्मचारीलाई साथ र सहयोगको लागि हृदयदेखि नै धन्यवाद ज्ञापन गर्ने। साथै माननीय मुख्यमन्त्री डोरमणि पौडेलको नेतृत्व अवधि (२०७४।१०।२९ देखि २०७८।०५।०२ सम्म)मा राय, सल्लाह, सुझाव र सकारात्मक आलोचना गरी सहयोग गर्ने सम्पूर्ण राजनैतिक दल, सञ्चारकर्मी, विभिन्न पेशाकर्मी लगायत बागमती प्रदेश बासीहरूलाई कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्ने। | |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।